# बलेफी गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः ७ संख्याः ७ मितिः २०८०/१२/१२

## भाग - २

## बलेफी गाउँपालिका

# बलेफी गाउँपालिकाको महिला समूह गठन तथा संचालन कार्यविधि - २०८०

# बलेफी गाउँपालिकाको महिला समूह गठन तथा संचालन कार्यविधि - २०८०

**प्रस्तावना :**

समाजको आधा भन्दा पनि बढि जनसंख्या ओगटेको महिलाहरुलाई विकासको विभिन्न क्रियाकलापहरुमा प्रत्यक्ष रुपमा संलग्न नगराउँदासम्म समाजको आमूल परिवर्तन हुन सक्दैन आर्थिक सामाजिक क्षेत्रमा पिछडीएका अवसरबाट बन्चित महिलाहरुलाई विकास निर्माण तथा विभिन्न क्रियाकलापहरुमा सहभागी गराई महिलाहरुको क्षमता अभिवृद्धि गरी मूलप्रवाहीकरण गर्न आवश्यक देखिएकोले महिला समूह गठन प्रक्रियालाई सरल, सहज तथा नियम संगत बनाउने उद्देश्यले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी बलेफी गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने,) ऐन २०७५ को दफा ४ ले दिएको अधिकार बमोजिम बलेफी गाउँ कार्यपालिकाले यो कार्यविधि बनाएको छ ।

## परिच्छेद - १
## संक्षिप्त नाम र परिभाषा

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(१) यस कार्यविधिको नाम **बलेफी गाउँपालिकाको महिला समूह गठन संचालन कार्यविधि, २०८०** रहेको छ ।

(२) यो कार्यविधि बलेफी गाउँ कार्यपालिकाबाट पारित भएको मितिबाट लागु हुनेछ ।

(३) यो कार्यविधि गाउँपालिका क्षेत्र भित्र लागू हुनेछ ।

(४) विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा:-

क) "**गाउँपालिका** "भन्नाले बलेफी गाउँपालिका सम्झनु पर्दछ ।

ख) "**गाउँ सभा**" भन्नाले बलेफी गाउँपालिकाको गाउँ सभा सम्झनु पर्दछ ।

ग) "**गाउँ कार्यपालिका**" भन्नाले बलेफी गाउँपालिकाको गाउँ कार्यपालिका सम्झनु पर्दछ ।

घ) "**प्रमुख प्रशासकीय अधिकृत**" भन्नाले बलेफी गाउँपालिकामा कार्यारत प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्दछ ।

ङ) "**ऐन**" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन २०७४ सम्झनु पर्दछ ।

च) "**कार्यक्रम**" भन्नाले महिला बालबालिका तथा जेष्ठ नागरिक शाखाबाट सञ्चालित कार्यक्रम सम्झनु पर्दछ।

छ) "**महिला समूह**" भन्नाले यस कार्यविधि अन्तर्गत गठन तथा दर्ता भएको समूह सम्झनु पर्दछ।

ज) "**शाखा**" भन्नाले महिला, बालबालिका, जेष्ठ नागरिक तथा सामाजिक विकास शाखा सम्झनु पर्दछ ।

झ) "**संस्था**" भन्नाले प्रचलित ऐन बमोजिम दर्ता भएका संस्थालाई सम्झनु पर्दछ ।

ञ) **"भेला"** भन्नाले महिला समूहको भेला सम्झनु पर्दछ ।

## परिच्छेद - २
## महिला समूह गठनका आधार तथा सदस्य छनौट

**२. समूह महिला गठनका आधारहरु :**

महिला समूह गठन गर्दा देहायका बुँदाहरुमा ध्यान दिनुपर्दछ।

क) प्रत्येक वडामा महिलाहरुको आवश्यकता पहिचान गर्ने।

ख) प्रत्येक टोलमा महिलाहरुलाई समूहमा आवद्ध गरिनेछ ।

ग) आर्थिक, सामाजिक हिसाबमा पिछडिएका, अवसरबाट वञ्चित तथा अपाङ्गता भएका महिलाहरु ।

घ) समावेशी रुपमा महिलाहरुको प्रतिनिधित्व गराईनेछ।

च) समूहमा संगठित हुने महिलाको उमेर कम्तिमा २० वर्ष पुगेको हुनुपर्छ ।

**३. सदस्य छनौटका आधारहरु :**

क) साझा उद्देश्य लिएका।

ख) स्थायी रुपले एकै टोलमा बसोबास गरिरहेको।

ग) एकै व्यक्ति एक भन्दा बढी महिला समूहमा आवद्ध हुन पाउने छैन ।

**४. समूहको नाम :**

क) महिला समूहको आम भेलाले बहुमतबाट समूहको नाम राख्न सक्नेछ।

ख) समूहको नाम परिवर्तन गर्दा समूहको आम भेलाबाट बहुमत सदस्यको निर्णय गरी शाखालाई समेत जानकारी गराउन पर्नेछ ।

## परिच्छेद - ३
## समूह गठन तथा कार्य समिति गठन

**५. समूह गठन देहाय बमोजिम हुनेछ :**

१) प्रारम्भिक महिला भेला :

क) सबै महिलाहरुको भेला गराई कार्यक्रमको जानकारी गराउने।

ख) भेलामा वडाको अध्यक्ष वा निजले तोकेको महिला जनप्रतिनिधि तथा वडा सचिवको उपस्थितिमा भेला गराउने ।

ग) छलफलको एजेन्डा, मिति, समय र स्थान भेला गराउन भन्दा ७ दिन अगावै सार्वजनिक सूचना गर्नु पर्नेछ।

२) छलफलको विषयहरु :

क) महिला भेलाका उद्देश्य र आवश्यकता बारे जानकारी गराउने ।

ख) महिला भेलाका विषय वस्तु बारे जानकारी गराउने ।

ग) समूहको सदस्य बन्न इच्छुक महिलाहरुको नामावली तयार गर्ने ।

**६. कार्य समिति गठन**

क) ११ सदस्य कार्यसमिति गठन गर्ने ।

ख) समितिको बार्षिक कार्ययोजना तथा कार्यक्रम तयार गरी स्वीकृत गर्ने।

ग) विधानको मस्यौदा माथी छलफल गर्ने ।

घ) कार्य समितिको संरचना देहाय बमोजिम हुनेछः-

| | |
|---|---|
| अध्यक्ष | - १ जना |
| उपाध्यक्ष | - १ जना |
| सचिव | - १ जना |
| कोषाध्यक्ष | - १ जना |
| सदस्य | - ७ जना |

**७. महिला समूह तथा समितिका पदाधिकारीको काम कर्तव्य र अधिकार विधानमा तोकिए बमोजिम हुनेछन्।**

**८. समितिको विधान :**

१) महिला समूहले विधान बनाई आम भेलाबाट स्वीकृत गर्नु पर्दछ ।

२) पहिलो पल्टका लागि शाखाबाट विधानको मस्यौदा तयार गरिनेछ।

३) विधान संशोधन प्रक्रियाः-

क) विधानमा संशोधन समितिको गठन गर्ने।

ख) बढीमा ५ सदस्यीय संशोधन समिति रहने यस समितिमा शाखाको कर्मचारीलाई आमन्त्रित सदस्यको रुपमा राख्ने।

ग) संशोधित विधानलाई संशोधन समितिले कार्य समितिमा पेश गरी सिफारिस सहित गाउँ कार्यपालिकाको कार्यालयबाट विधान संशोधन स्वीकृत गराउने।

## परिच्छेद -४
## समिति दर्ता, नविकरण तथा खारेजी

**९. समिति दर्ता :**

१) समिति दर्ताको लागि आवश्यक कागजातः-

महिला समूह गठन गर्ने उद्देश्यले खुलाएर शाखा प्रमुख समक्ष निवेदन दिने।

२) समिति दर्ता गरी पाउँ भन्ने बारेमा अनुसूची ३ बमोजिम निवेदन।

३) सम्बन्धित वडा कार्यालयको सिफारिस ।

४) महिला समूहले तयार गरिएको विधानको १ प्रति ।

५) कार्य समितिका सदस्यहरुको फोटो सहित व्यक्तिगत विवरण विधानमा अनिवार्य राख्ने।

६) कार्य समितिका सदस्यहरुको नागरिकता प्रमाणपत्रको प्रतिलिपि ।

७) समूह गठन गर्दा आव्हान गरिएको भेलाको निर्णय।

८) समितिको आफ्नै छाप,लेटर प्याडमा समितिको

**१०. समिति दर्ता प्रक्रिया :**

१) वडा कार्यालयको सिफारिस सहित अनुसूची -३ अनुसारको शाखामा निवेदन दिने।

२) शाखाले सम्बन्धित वडा, व्यक्तिहरु टोल विकास सहकार्य संस्थासँग जाँचबुझ गर्न सक्ने।

३) प्राप्त कागजातहरुको एकिन गरी तोकिएको दर्ता शुल्क जम्मा गरेको रसिद सहितको शाखाबाट दर्ता गर्ने स्वीकृतीको लागि टिप्पणी तयार गरी निर्णयार्थ कार्यालय प्रमुख वा तोकिएको अधिकारी समक्ष पेश गर्ने।

४) प्रमुख प्रशासकीय अधिकृतले आवश्यक जाँचबुझ गरी समूह दर्ता गर्न उचित ठानेमा १ हप्ता भित्र शुल्क लिई रजिस्टरमा अभिलेख जनाई समूह दर्ता गरी प्रमाण-पत्र दिनेछ ।दर्ता प्रमाण-पत्र वा विधान को १ प्रमाणित प्रतिलिपि आवेदकलाई उपलब्ध गराई कार्यालयमा अभिलेख जनाउने एक अभिलेख रजिष्टर तयार गरिनेछ ।

५) अभिलेखिकरण प्रक्रिया समाप्त भएपछि मात्र विधान लागू भएको मानिनेछ।

**११. नविकरण**

१) समूहको नविकरण बार्षिक रुपमा असार मसान्त सम्म गर्नुपर्छ।

२) समूहको नविकरण गर्दा सोहि बर्षको र आर्थिक ऐन बमोजिम नविकरण ढिलाई गरेमा सोहि बर्षको आर्थिक ऐन बमोजिम थप जरिवाना लाग्नेछ ।

३) समूह नविकरण गर्ने जिम्मा समूहको कार्यसमितिको हुनेछ।

४) समिति नविकरणका लागि आवश्यक कागजातः-

क) नविकरणको लागि आवेदन

ख) सक्कल दर्ता प्रमाणपत्र

ग) तोकिएको नविकरण शुल्क तिरेको रसिद

घ) वडाको सिफारिस।

ङ) बार्षिक रुपमा समूहले गरेको कामको संक्षिप्त प्रतिवेदन ।

५) समूहको नविकरण आ.व. को असोज मसान्त भित्र गर्नु पर्नेछ।

६) नविकरण अभिलेख सम्बन्धित शाखाले राख्न पर्नेछ।

**१२. बार्षिक प्रगती प्रतिवेदन गाउँपालिकाको सम्बन्धीत शाखामा पेश गर्नपर्ने छ । सामाजिक कार्य गर्दा गाउँपालिकाको सम्बन्धित शाखाबाट अनिवार्य अनुमति लिएर गर्नु पर्ने।**

## अनुसूची-१
## महिला विकास समिति/समूहको विधान नमुना

**प्रस्तावनाः**

देशको आधा भन्दा बढि जनसंख्या ओगटेको महिलाहरुलाई समाजको विकास निमार्णको कार्यमा नै निकै पछि परेको छ ।यस्तो अवस्थामा महिला देश विकासको मुख्य मेरुदण्ड हो । नेपालको संरचना अनुसार स्थानीय स्तरमा नै जनताको मौलिक हक, अधिकार तथा अन्य क्रियाकलापहरु सञ्चालन गर्ने अधिकार नेपाल सरकारलाई नै प्रतियोजन गरेको हुदा सबैले आ आफ्नो ठाँबाट महिला समूहलाई सहयोग गरेको खण्डमा समाजमा आमूल परिवर्तन हुने अवस्था छ । बचत सङ्कलन तथा परिचालन, गाउँपालिकाबाट विनियोजित विविध कार्यक्रम सञ्चालन, सीप विकास कार्यक्रम सञ्चालन तथा व्यवस्थापन गरी आय वृद्धि गरी आत्मनिर्भर हुनको लागि बलेफी गाउँपालिका समूह दर्ता कार्यविधि, २०८० को अधिनमा रहि यस ........................... को ............ को स्थापना गरिएको हो।

**१. प्रारम्भिकः-**

**१.१ संक्षिप्त नाम र प्रारम्भः-**

क) यस समूहको नाम श्री ........................................................ रहनेछ ।

**१.२ परिभाषाः-**

विषय वा प्रसंगले अर्को अर्थ नलगाएमा यस विधानमा

क) "**समिति/समूह**" भन्नाले यस विधानमा उल्लेखित बचतकोष संकलन तथा परिचालन, सीप विकास कार्यक्रम आदि सञ्चालन तथा व्यवस्थापन, महिला सशक्तिकरण सम्बन्धी कार्यक्रम सञ्चालन गरी आय वृद्धिदेखि महिला अधिकारको रक्षा गर्दै आत्मनिर्भर हुन संगठित महिलाहरुको समिति/समूहलाई जनाउँदछ।

ख) "**सदस्य**" भन्नाले प्रचलित कार्यविधि बमोजिम समिति/समूहको उद्देश्य बमोजिम विधानको दफा ३ अनुसार सदस्यता लिएको महिला सम्झनु पर्दछ।

ग) "**कार्य समिति**" भन्नाले कार्यविधि बमोजिम निर्वाचित पदाधिकारीलाई सम्झनु पर्दछ ।

घ) "**साधारण सभा**" भन्नाले यस विधानको दफा ४ बमोजिम गठित सभालाई सम्झनु पर्दछ ।

**१.३ समिति/समूहको छाप**

यस समूह छाप गोलो घेराभित्र सबै भन्दा माथि समूहको नाम को नाम "..................." लेखेको हुनेछ।बीच भागमा महिलाहरुको चिन्ह हुनेछ।त्यसको तल समूहको स्थापना २०८० हुनेछ।

(छाप राख्ने)

**१.४ समिति समूहको कार्यालय**

यस समित/समूहको कार्यालय बलेफी गाउँपालिका वडा नं. ...................... .................. टोलमा रहने छ।

**१.५ समिति/समूहको दर्ताः-**

बलेफी गाउँपालिकाको कार्यालयमा दर्ता गर्नु पर्दछ।

**२. उद्देश्य तथा कार्यः**

२.१ उद्देश्य

सदस्यहरुको सामाजिक, आर्थिक, व्यवसायिक सीप, आय आर्जन, सशक्तिकरणलाई ध्यानमा राखेर देहाय बमोजिम समिति/समूहको उद्देश्य हुनेछः-

क) व्यवसायीक सीप विकासबाट उत्प्रेरित भई उत्पादन वृद्धिका लागि एकजुट भई काम गर्ने ।

ख) सदस्यहरुको आर्थिक वा सामाजिक जीवनस्तर उठाउने ।

ग) सदस्यहरुको स्वावलम्वन, पारस्परिक सहयोग र मितव्ययिताको भावनाको विकास गर्ने।

घ) सदस्यहरुमा महिला हक हित सम्बन्धी कानूनी ज्ञानको प्रचार गर्ने।

ङ) समग्रमा महिला सशक्तिकरण गरी महिला हिंसा रहितको समाजको निर्माण गर्ने।

माथी उल्लेखित उद्देश्यहरुको प्राप्तिका लागि देहाय बमोजिमको कार्ययोजना हुनेछः-

क) व्यवसायिक सीप सिकेर आय आर्जन गर्दै समृद्धीको आधार तयार गर्ने।

ख) उन्नत प्रविधिको प्रयोग गर्ने गराउने ।

ग) सदस्यहरुको सीप विकास कार्यक्रमहरु तर्जुमा गरी सञ्चालन गर्ने ।

घ) समिति/समूहको वार्षिक योजना तयार गरी लागु गर्ने ।

ङ) बचत संकलन, परिचालन, सदस्यहरुलाई ऋण प्रवाह गर्ने।

च) महिला सशक्तिकरण, चेतनामुलक कार्यक्रम सञ्चालन गर्ने।

छ) समिति/समूहको मनासिव मानेका अन्य कार्यक्रमहरु सञ्चालन गर्ने

**३.१ सदस्यता**

एउटै उद्देश्य र समान आर्थिक अवस्था भएका र यस समिति/समूहको विधानको भित्र रहने इच्छा भएका व्यक्तिहरु समिति/समूहको सदस्य हुनेछन् ।

सदस्यताको लागि योग्यताः-

१. समिति/समूहको उद्देश्य बमोजिम काम गर्न इच्छुक भएको ।

२. समिति/समूहको विधान अनुसार काम गर्न मन्जुरी भएको।

३. २० वर्ष पुरा भएको ।

**३.२ सदस्यता कायम रहने अवस्था**

कार्यसमितिले निम्न अवस्थामा सदस्यहरुलाई सदस्यताको लागि अयोग्य ठहराई सदस्यता समाप्त गर्न सक्नेछ ।

क) तोकिएको मासिक बचत तथा अन्य तिर्नुपर्ने रकम ६ महिना सम्म नतिरेमा।

ख) विधान विपरित कार्य गरेमा  वा समिति/समूहको रकम वा कागजात हिनामिना गरेमा।

ग) सदस्यताबाट राजिनामा  दिएमा ।

घ) फौजदारी अभियोग लागि प्रमाणित भएमा।

च) समिति/समूहको सिद्धान्त वा प्रतिष्ठामा आँच आउने काम गरेमा

छ) प्रचलित नियमानुसार समिति/समूहको सदस्यताबाट निलम्बन हुने कार्य गरेमा ।

**३.३ कार्य समितिको गठन विधिः**

क) कार्य समितिमा ७ देखी ११ जना सदस्य रहने छन् ।

ख) कार्य समितिमा १ अध्यक्ष, १ उपाध्यक्ष, १ कोषाध्यक्ष तथा १ सचिवको पद सोपान रहनेछ ।

ग) कार्य समितिमा ३ देखी ७ सदस्य रहनेछन्।

घ) कार्य समितिको कुनै पद खाली भएमा बैठकबाट बहमुमतले स्वीकृत गरी उक्त पदपूर्ती गरिनेछ।

**३.४ कार्य समितिको  काम, कर्तव्य र अधिकार**

क) अध्यक्षको काम, कर्तव्य र अधिकार

१. बैठकको अध्यक्षता गर्ने ।

२. आवश्यकता अनुसार समिति\समूहको बैठक बोलाउने ।

३. समिति/समूहको माग गरे अनुसार क्रियाकलापहरु सञ्चालन गर्ने।

४. समिति/समूहलाई क्रियाशिल गराउने र उद्देश्य प्राप्तिका लागि आवश्यक कार्य गर्ने ।

५. समिति/समूहमा उठेका विवाद समाधान गर्ने।

६. समिति/समूहका सदस्यलाई पत्रचार गर्न सचिवलाई आवश्यक सहजिकरण गर्ने।

७. समिति/समूहका सदस्यहरुलाई क्रियाशिल बनाई समन्वय र सहकार्यमा कार्य सञ्चालन गर्ने ।

८. समिति/समूहको वार्षिक कार्ययोजना तथा आर्थिक प्रतिवेदन सार्वजनिक गर्ने।

९. समिति/समूहको नाममा सञ्चालित बैंक खाता सञ्चालन गर्ने ।

१०. समिति/समूहको आर्थिक प्रशासनिक नियन्त्रण गर्ने ।

११. शाखाले तोकेको अन्य काम गर्ने।

**ख) उपाध्यक्षको काम कर्तव्य र अधिकारः**

१. अध्यक्षको अनुपस्थितिमा अध्यक्षले काम गर्ने ।

२.अध्यक्षले गर्ने कार्यमा सहयोग समन्वय गर्ने ।

**ग) सचिवको काम कर्तव्य र अधिकारः**

१. अध्यक्षको परामर्शमा बैठक बोलाउने।

२. बैठकको एजेन्डाहरुको तयरी गर्ने।

३. निर्णय पुस्तिका तयार तथा निर्णय लेख्ने।

४. समिति/समूहको निर्णयहरु सार्वजनिक गर्ने।

५. समिति/समूहका कागजातहरु सुरक्षित राख्ने।

**६. समिति/समूहको सूचना अधिकारीको काम गर्ने।**

७. समिति/समूहले तोकेको अन्य काम गर्ने।

**घ) कोषाध्यक्षको काम कर्तव्य र अधिकारः**

१.समिति/समूहको अध्यक्ष, कोषाध्यक्षको नाममा संयुक्त दस्तखतमा समिति/समूहको खाता सञ्चालन गर्ने।

२.समिति/समूहको सबै कोषको हिसाब, किताब चुस्त दुरुस्त राख्ने।

३. समितिले तोकेको अन्य काम गर्ने।

**ङ) कार्य समितिका सदस्यहरुको काम कर्तव्य र अधिकारः**

१. आवश्यकता अनुसार समूहका सदस्यहरुलाई सल्लाह र सुझाव दिने।

२. कार्य समितले तोकेको अन्य काम गर्ने।

३. सबैको जिम्मेवारी बराबार हो भनी हरेक बैठकमा अनिवार्य उपस्थिति भई छलफल गरी नयाँ क्रियाकलाप सञ्चालनका लागि समिति/समूहको समितिमा सुझाव दिने।

**३.५ कार्य समितिको पदावधीः**

१. कार्य समितिका पदाधिकारीहरुको पदावधी छनौट भएको मिति देखि ३ वर्षको हुनेछ ।

२. कार्य समितिका पदाधिकारीहरुको कार्य अवधी समाप्त हुनु भन्दा २ महिना अगाडी नै नयाँ कार्य समितिलाई आफ्नो जिम्मामा रहेको सम्पूर्ण कागजपत्र र हिसाब, किताव सम्पूर्ण सदस्यहरुको उपस्थितिमा बैठक राखी भर्पाई गराई सचिवलाई जिम्मा दिनुपर्नेछ ।

**३.६ समिति/समूह विघटनः-**

समिति/समूह विघटन भए सदस्यहरुको बचत रकम सदस्यहरुलाई नै फिर्ता गर्नु पर्नेछ।

**३.७ समिति /समूह छोड्ने अवस्था**

१. सदस्यको मृत्यु भएमा

२. बसाई सराई गरी अन्यत्र गएमा

३. विवाह भई अन्यत्र गएमा

४. ६० वर्ष उमेर भई हिडडुल गर्न असक्षम भएमा

**३.८ सदस्यले पाउने अवसर**

१. सदस्यले बचत गरेको रकम नीजलाई नै फिर्ता गरिनेछ ।

२. मृत्यु भएको हकमा नजिकको वारेसलाई समूहको बैठक राखि निर्णय गरी सावा, व्याज एकमुष्ठ फिर्ता हुनेछ ।

३. कुनै संस्था वा कार्यालयबाट प्राप्त सेवा, सुविधा आवश्यक्त हेरी समूहको बैठकबाट निर्णय गरी पालो पालो गरी सबैलाई वितरण गरिनेछ ।

**४. भेला सम्बन्धि व्यवस्थाः-**

१. समिति/समूहको सम्पुर्ण सदस्यहरुको उपस्थितिमा कम्तिमा वर्षको १ पटक भेला बोलाउनुपर्ने छ।

२. भेलाको बैठक आव्हान कार्य समितिका अध्यक्षले गर्ने छ।

३. समिति/समूहका सदस्यहरुलाई भेलाको मिति तथा स्थानको जानकारी गराउने जिम्मा कार्य समितिको सचिवको हुनेछ।

४. कार्य समितिको चयन भेलाबाट गरिनेछ ।

५. कार्य समितिका पदाधिकारीहरुको चयन पुर्ण सहमतीबाट गर्नु पर्दछ।

६. सहमती नजुटेमा निर्वाचनबाट कार्य समितिको पदाधिकारी चयन गर्नु पर्दछ ।

७. यसरी निर्वाचन हुने भएमा सोको जानकारी गाउँपालिका कार्यालय तथा शाखालाई अग्रिम दिनु पर्दछ।

८. शाखाको प्रमुखले निर्वाचन अधिकारीको भूमिका निर्वाह गर्नु पर्दछ।

९. विधानमा संशोधन कार्यविधिको दफा ११ बाट हुनेछ।

४.१ कार्य गर्ने प्रतिवद्धता हामी "........................................" समूहका सदस्यहरु यस विधान बमोजिम कार्य गर्न मन्जुर भई निम्न पदाधिकारीको रोहवरमा यस विधानमा सही छाप गर्दछौं ।

**पदाधिकारीको नाम र ठेगानाः-**

| क्र.सं. | नाम/थर | पद | शैक्षिक योग्ता | उमेर | दस्तखत | फोटो |
|---|---|---|---|---|---|---|
| १ | | अध्यक्ष | | | | |
| २ | | उपाध्यक्ष | | | | |
| ३ | | कोषाध्यक्ष | | | | |
| ४ | | सचिव | | | | |
| ५ | | सदस्य | | | | |
| ६ | | सदस्य | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ७ | | सदस्य | | | | |
| ८ | | सदस्य | | | | |
| ९ | | सदस्य | | | | |
| १० | | सदस्य | | | | |
| ११ | | सदस्य | | | | |

## अनुसूची - २

## समिति/समूह विकास समिति दर्ता फारम

१. दर्ता नं. :-

२. समिति/समूहको नाम :-

३. ठेगाना :-

४. जिल्ला :-

५. गठन मिति :-

६. जम्मा सदस्य संख्या :-

७. समितिको लक्ष्य :-

## अनुसूची - ३
## महिला/समूह दर्ताको निवेदन

श्रीमान प्रमुख प्रशासकीय अधिकृत ज्यू,
बलेफी गाउँ कार्यपालिकाको कार्यालय।

**विषय :- समिति/समूह दर्ता सम्बन्धमा।**

महोदय,

हामीले...................................................................नामक महिला विकास महिला\समूह बलेफी गाउँपालिका वडा नं ....... मा गठन गर्न चाहेको हुनाले बलेफी गाउँपालिकाको महिला समूह दर्ता कार्यविधि, २०८० बमोजिम समिति दर्ता गर्नका लागि देहायको विवरण खोली आवेदन दिएका छौं। प्रस्तावित विधान ३ प्रति, वडा कार्यालयको सिफारिस पत्र तथा कार्य समितिका पदाधिकारीहरुको नेपाली नागरिकताको प्रतिलिपि यसै निवेदनसाथ संलग्न गरिएको छ ।

समूहको विवरण :-

१. समिति\समूहको नाम ...................................................................रहने छ ।

२. बलेफी गाउँपालिका वडा नं ........... टोल ....................................................

३. समितिको उद्देश्य ..........................................................................................

४. सदस्य संख्या :-

**पदाधिकारीको नाम र ठेगाना :**

| क्र.सं. | नाम/थर | पद | शैक्षिक योग्ता | उमेर | दस्तखत | फोटो |
|---|---|---|---|---|---|---|
| १ | | अध्यक्ष | | | | |
| २ | | उपाध्यक्ष | | | | |
| ३ | | कोषाध्यक्ष | | | | |
| ४ | | सचिव | | | | |
| ५ | | सदस्य | | | | |
| ६ | | सदस्य | | | | |
| ७ | | सदस्य | | | | |
| ८ | | सदस्य | | | | |
| ९ | | सदस्य | | | | |
| १० | | सदस्य | | | | |
| ११ | | सदस्य | | | | |

महिला/समूहको मुख्य आर्थिक स्रोतः

अध्यक्ष

# अनुसूची - ४
# बलेफी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
# बलेफी, सिन्धुपाल्चोक

## महिला समूह दर्ता प्रमाण पत्र

समूहको छाप

**दर्ता नं. ..............**　　　　**दर्ता मितिः**

बलेफी गाउँपालिकाको महिला समूह गठन तथा दर्ता कार्यविधि, २०८० को दफा ८ बमोजिम बलेफी गाउँपालिका वडा नं ............ टोल ..................... गठित श्री ......................................... समूहलाई यस कार्यालयको अभिलेखमा दर्ता गरी बलेफी गाउँपालिकाको महिला समूह गठन तथा दर्ता कार्यविधि, २०८० को दफा ८ बमोजिम यो प्रमाण-पत्र प्रदान गरिएको छ ।

..................................

# अनुसूची - ५
# नविकरण रेकर्ड
# बलेफी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
# बलेफी, सिन्धुपाल्चोक ।

महिला विकास समित/समूहको नाम :-

ठेगाना :-

| क्र.सं. | नविकरण गरेको मिति | | दर्ता नं. | अवधी | प्रमाणित गर्ने पदाधिकारीको दस्तखत | कैफियत |
|---|---|---|---|---|---|---|
| | देखि | सम्म | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

*नोटः प्रत्येक आर्थिक वर्षमा नविकरण गराउनु पर्नेछ।

आज्ञाले,
रेवन्त दहाल
प्रमुख प्रशासकीय अधिकृत